CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign


अंक #५२

२९।४।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## २०७७ साउन २६ गते मन्त्रिपरिषदको बैठकले गरेका महत्वपूर्ण निर्णयहरु


०१ होटल तथा रेष्टुरेण्टबाट टेक अवे सेवा मात्र सञ्चालन गर्ने ।





०२ लामोदुरीका सार्वजनिक यातायात, अन्तरराष्ट्रिय उडान, विद्यार्थी भर्ना, शैक्षिक र अन्य परीक्षा सञ्चालन भदौ १६ गते सम्मलाई बन्द गर्ने ।


०३ धार्मिक स्थलमा दैनिक नित्य पूजा बाहेक अन्य कुनै पनि गतिविधि सञ्चालन नगर्ने फुटपाथ, खुला ठाउँ, ठेलागाडा, साईकलमा सञ्चालित व्यवसाय निषेध गर्ने ।





०४ उद्योग, कलकारखाना, निर्माण क्षेत्रमा काम गर्ने श्रमिकलाई कार्यक्षेत्र परिसर भित्रै खाने बस्ने व्यवस्था गर्ने । हाललाई अन्यत्र स्थानबाट कामदार नल्याउने ।

०५ २०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्ला र काठमाण्डौ उपत्यकाका जनतासंग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने कार्यालयहरूले बढीमा ५० प्रतिशत कर्मचारीले आलोपालो गरी सेवा प्रवाह गर्ने ।



स्रोत: https://mocit.gov.np/categorydetail/shrawan-27-mp-2077-baithak

## नेपाल अपडेट



मास्क नलाएका कारण जोखिम बढेको भन्दै वीरेन्द्रनगर सुर्खेतमा सर्वसाधारणलाई मास्क बाँड्दै प्रहरी ।

तस्बिर: जगत दलजनाला विक


### परिक्षण

पिसिआर परिक्षण: ४,७३,१७९

पोजेटिभ: २४,४३२

उपचाररत: ७,६१३

मृत्यु : ९१




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



सरकारले अन्तरराष्ट्रिय सिमानाकाबाट हुने आवागमन भदौ ३१ गते सम्मलाई बन्द गऱ्यो रे । फेरी केही नाकाबाट आउन दिने पनि भनेको छ । अली स्पष्ट भएन ।

२०७७ भदौ ३१ गते सम्मका लागि अन्तरराष्ट्रिय सिमाका सबै प्रवेश विन्दु बन्द गर्ने भनेको छ । तर, भारतबाट स्थलमार्ग हुँदै स्वदेश आउने पर्ने अवस्थामा रहेका नेपालीका लागि प्रवेश गर्न नेपाल-भारत सिमाका १० वटा प्रवेश बिन्दु तोकिएको छ । जस अन्तरगत, (१) काकडभिट्टा, झापा, (२) रानी, मोरङ, (३) माडर, सिरहा, (४) गौर, रौतहट, (५) वीरगञ्ज, पर्सा, (६) वेलहिया, रुपनदेही, (७) कृष्णनगर, कपिलवस्तु, (८) जमुनाह, बाँके, (९) गौरीफन्टा, कैलाली र (१०) गड्डाचौकी, कञ्चनपुर रहेका छन् । तर नियमको दुरुपयोग गरेको पाईएमा भने कानून बमोजिम कडा कारवाही हुनेछ ।

स्रोत: https://mocit.gov.np/categorydetail/shrawan-27-mp-2077-baithak



सरकारले विदेशमा रहेका नेपाली नागरिकलाई उद्धार गर्नेकाम रोकेकै हो ?

हाललाई नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम अनुमती भएका व्यक्तिहरुलाई नेपाली कुटनीतिक नियोगको सिफारीसमा ३०० जना र वैदेशिक रोजगार कल्याणकारी कोषबाट खर्च व्यहोर्ने गरी उद्धार गरिने २०० जना नेपाली नागरिक समेत दैनिक बढीमा कुल ५०० जनाको लागि उडान अनुमती दिने भनेको छ । यस्ता व्यक्तिहरुलाई काठमाण्डौ उपत्यकामा नै तोकिएको स्थानमा क्वारेन्टाईनमा राख्ने र संक्रमण मुक्त भएको प्रमाणित भएपछि मात्र सम्बन्धित गन्तव्यमा पठाउनुपर्ने भएकोले पनि संख्या सिमित गरिएको हो ।

स्रोत: https://mocit.gov.np/categorydetail/shrawan-27-mp-2077-baithak



लामो दुरीका सार्वजनिक यातायात चलेका छैनन् । वैदेशिक रोजगार सम्बन्धी बोर्डबाट पाउनुपर्ने सहयोग त नपाईने भयो नी ।

वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान गरिने आर्थिक सहायता कोभिड - १९ का कारण बोर्डको कार्यालयबाट दिन असम्भव भएकोले आवश्यक कागजात सहित स्थानिय तहमा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । यस सम्बन्धी थप जानकारी श्रम कल सेन्टर ११४१ वा बोर्ड सचिवालयको फोन नं. ४२२०३११ तथा वेवसाईट www.fepb.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

स्रोत: http://www.fepb.gov.np/detail/89/suchana



केही विद्यालयहरुले कक्षा ११ को परीक्षा तालिका सार्वजनिक गरे रे । के अहिलेको अवस्थामा परीक्षा सञ्चालन हुने नै हो त ?

नेपाल सरकारले हालसम्म विद्यालय पुन: सञ्चालनको कुनै निर्णय गरेको छैन । फेरी कोभिड - १९ को संक्रमण बढेसंगै, भदौ १ गते देखी स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी सञ्चालन गर्ने भनेको विद्यार्थी भर्ना र परीक्षा सञ्चालन भदौ १६ गते भन्दा अगाडी सञ्चालन नगर्ने भनेर साउन २६ गते बसेको मन्त्रिपरिषदको बैठकले निर्णय गरिसकेको छ । त्यसैले सरकारले विद्यालय पुन: सञ्चालनको निर्णय नभएसम्मका लागि परिक्षा सम्बन्धी कार्यहरु नगर्न र नगराउन सम्बन्धित सबैलाई सूचित गरेको छ ।

स्रोत: http://www.neb.gov.np/uploads/photos/V5_1SjUkf8200807065825.PNG


WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




COVID-19 को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट ३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | नेपाली | संक्रमित | नेपाली संक्रमित | मृत्यु भएका नेपाली |
|---|---|---|---|---|
| साउदी अरव | ३,३४,४५१ | २,९३,०३७ | १७५० | ९ |
| कुवेत | ७१,१९३ | ७३,७८५ | १५०० | ७ |
| बहराईन | २६,००० | ४५,२६४ | ४५१ | ३ |
| कतार | ४,०६,९१७ | १,१३,९३८ | २०,६०० | १६ |
| युएई | २,२४,९०५ | ६३,२१२ | २००० | ३० |
| ओमान | १७,०५७ | ८२,२९९ | ४५ | १ |
| मलेसिया | ५००,००० | ९,१२९ | ८१ | |
| दक्षिण कोरिया | ३८,८६२ | १४,७७० | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal** के तपाई छुट्टी पछि यु.ए.ई. फर्किंदै हुनुहुन्छ ? यि कुरा ध्यान दिनुहोस् ।

यू.ए.ई.मा काम गरिरहेका तर हाल छुट्टीमा भएकाहरु फेरी यू.ए.ई. फर्किनु परे २ ठाउँबाट (ICA/GDRFA) अनुमती लिनु पर्ने थियो । यही अगष्ट १२ देखी लागू हुने गरी त्यो नचाहिने भएको छ । तर, निम्न स्टेपहरु भने फलो गर्नुहोस् भनेर ICA ले सूचना सार्वजनिक गरेको छ:

१. www.uaeentry.ica.gov.ae मा गएर आफ्नो डाटा अपडेट गर्नुहोस् ।
२. Airline सँग कुरा गरेर टिकट लिन भन्दा पहिले या पछी नेपाल सरकारको मान्यताप्राप्त ल्याब द्वारा PCR परीक्षण गराउनुहोस् ।
३. हावाई टिकट लिनुहोस् ।
४. अरु चाहीने डकुमेन्टको साथमा PCR Negative Report सहित Airport जानुहोस् ।
५. यू.ए.ई.को Airport मा पुगीसकेपछी PCR Test को लागी नमुना दिनुहोस् । .
६. Al Hosn मोबाईल Application Download गरेर आफ्नो डाटा अपलोड गर्नुहोस् ।
७. यदी PCR Positive आएको खण्डमा होम क्वारेन्टाईनमा बस्नु पर्दछ । यसको राम्रो सँग पालना गर्नुहोस् । यदी होम क्वारेन्टाईनको नियम पालना नगरेको खण्डमा ५०,००० दिरहाम सम्म जरिवाना तिर्नु पर्ने हुन्छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्व ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्व २६ करोड**

**दाता**

एडि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब ४ अर्व १० करोड**


रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि


**२ अर्ब ३४ करोड निकासा**

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.४ करोड | करिब २६.६ करोड | करिब ४२.९ करोड | करिब १८.३ करोड | करिब १५.६ करोड | करिब २५.४ करोड | करिब ४२.५ करोड |
| खर्च गरिएको रकम | करिब १९.३ करोड | करिब १३.३ करोड | करिब १३.६ करोड | करिब १५.४ करोड | करिब ७.७९ करोड | करिब २३.९ करोड | करिब ३६.४ करोड |

## आ.व. २०७५/७६ मा प्रदेश नं. १ को बेरुजुको अवस्था




जम्मा लेखा परीक्षण गरिएको रकम
**३४ अर्ब ६ करोड**

जम्मा लेखापरीक्षण गरिएका कार्यालय **२००**

बेरुजु देखिएका कार्यालय **७२**

# $ फलो द मनी - खर्चको अर्थ

## आर्थिक वर्ष २०७५/७६ मा प्रदेश नं. १ को खर्च बेरुजु देखिएका मन्त्रालयको तुलनात्मक अध्ययन

| | |
|---|---|
| भौतिक पूर्वाधार विकास मन्त्रालय | रु. १,०१,९२,०२,००० |
| सामाजिक विकास मन्त्रालय | रु. ४०,८२,३१,००० |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | रु. ७,३५,७९,००० |
| उद्योग, प्रयटन, बन तथा वातावरण मन्त्रालय | रु. १३,२३,७७,००० |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | रु. ४,०५,४७,००० |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ० |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ० |
| प्रदेश सभाको सचिवालय | ० |
| महान्यायाधिवक्ताको कार्यालय | ० |
| प्रदेश योजना आयोग | ० |

प्रदेश नं. १ मा उसको जम्मा लेखा परीक्षण भएको रकम मध्ये १ अर्ब ६० करोड खर्च (४.८३%) बेरुजु देखिन्छ । जुन एकदमै धेरै हो, तर प्रदेश नं. १ को जम्मा बजेट पनि धेरै छ । जम्मा ३६% (२०० मध्ये ७२) कार्यालयहरुमा मात्र खर्च बेरुजु भएको देखिन्छ, जुन राम्रो संकेत हो । तुलनात्मक रुपमा थोरै कार्यालयहरुमा खर्च बेरुजु देखिनु राम्रो कुरा हो । किन भने, थोरै कायालयहरुमा सजिलै अनुगमन गर्न सकिन्छ । प्रदेश नं. १ मा ५४% बेरुजु पेश्कीका कारण भएकोछ । त्यै गरेर ३१% बेरुजु प्रमाण कागजात पेश नभएका कारण देखिएको छ । प्रमाण कागजात पेश नगरी गरिएको खर्चले कार्यालयको नैतिकतामाथी प्रश्न उठाउँछ । त्यसैले यसलाई रोक्नका लागि तत्काल कदम चाल्न जरुरी छ ।

प्रदेश नं. १ का कार्यालयहरुमा खर्च बेरुजु कम देखिएकाले, धेरै बेरुजु मन्त्रालयमा भएको बुझिन्छ । यो प्रदेशमा भौतिक पूर्वाधार विकास मन्त्रालयमा मात्र ६०% भन्दा बढी बेरुजु देखिएको छ । त्यसै गरेर सामाजिक विकास मन्त्रालयको खर्च बेरुजु २४% छ । यसले या त प्राथमिकताको क्षेत्रमा बजेट छुट्याईएको छैन अथवा प्रमाण कागजात पेश नगरी खर्च गरिएको छ भन्ने देखाउँछ । कृषि, प्रयटन तथा आन्तरिक मामिला मन्त्रालयमा पनि ठुलो खर्च बेरुजु देखिन्छ । आगामी आर्थिक वर्षमा वित्त व्यवस्थापनलाई चुस्त बनाउन प्रदेश सरकारले प्रभावकारी रुपमा अनुगमन गनुपर्ने देखिन्छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# फ्रन्टलाईनर्स भोईसेस्



## डा. मंगल रावल

निर्देशक, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला

"फागुन ११ मै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कोभिड टास्कफोर्स बनाएर हामिले काम गरेका थियौं । टास्कफोर्सले सरोकारवालाहरुमा जनचेतना अभिवृद्धीको काम गऱ्यो । कोरोना नियन्त्रणमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा  गरिएको जनशक्ति परिचालनको मोडेललाई सरकारले देशभरी लागु गर्नुपर्ने कुरा हामिले सुझाउँदै आएका पनि छौं । कर्णाली प्रदेश सरकारसंग समन्वय गरेर कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले १९ वटा रणनितिक ठाउँहरुमा ४२ जना डाक्टरहरु गाउँगाउँमै पठाएका थियो । लकडाउनको समयमा सजिलै विरामी रिफर गर्न सहज नभएकोले डाक्टरहरु गाउँमा पठाएका थियौं । यहि मोडेलमा सरकारले विभिन्न प्रतिष्ठानहरुलाई जनशक्ति परिचालनमा ध्यान दिएमा कोरोना नियन्त्रणमा सहज हुनेछ ।"

## करुणा भट्टराई

जनस्वास्थ्य अधिकृत, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश



"गएको आर्थिक वर्षमा कोरोना नियन्त्रणको लागि प्रदेशमा प्रर्याप्त बजेट थिएन । लकडाउनका कारण विकासका गतिविधि रोकिएकोले सो रकम रकमान्तर गरी कोरोना नियन्त्रण कोष खडा गऱ्यौं । यो महामारीले हामीलाई विपद्को लागि अलि धेरै बजेट छुट्याउनुपर्ने रहेछ भन्ने सिकायो । अहिले अस्पताल, संघिय सरकार, प्रदेशका मन्त्रालय र स्थानीय तहसंग समन्वय गरिरहेका छौं । हामिले नियमित रुपमा प्रेस ब्रिफिङ, प्रेस नोट र मन्त्रालयको फेसबुक पेजबाट कर्णालीमा कोरोना भाइरस संक्रमितको अवस्था, रोकथाम तथा नियन्त्रयणको अवस्था र यससंग सम्बन्धित विभिन्न तथ्यांकहरु नियमित रुपमा दैनिक उपलब्ध गराउँदै आउका छौं ।"



## चण्डिका अधिकारी

स्टाफ नर्स, जलेश्वर कोभिड - १९ अस्पताल, महोत्तरी

"जलेश्वर कोभिड - १९ अस्पतालको आइसोलेशनमा जेठ ११ गते एकाएक धेरै संक्रमितहरु आइपुगे । जलेश्वर अस्पताल १५ बेडको मात्रै रहेपनि, संक्रमितह(रुलाई राख्न शुरुमा ५० बेडसम्म बढाइयो । क्रमित बढ्न थालेपछि १०० बेड राखिएको छ । शुरुको दिन संक्रमित भर्ना भएपछि स्वास्थ्यकर्मी र अन्य कर्मचारी डराएर अस्पताल नै आउन छोडेका थिए । उपयुक्त परामर्श पश्चात सबै कर्मचारी अस्पताल आउन थाले । अहिले पनि संक्रमितको चाप घटेको छैन । शुरुमा त पिपिइ लगाउनेदेखि, त्यसको व्यवस्थापन कसरी गर्ने भन्ने चिन्ता थियो । अहिले विस्तारै सबै सामान्य हुँदैछ ।"

# न्युजिल्याण्ड कोरोना मुक्त हुँदै गर्दा नेपाल अझै जोखिम तिर धकेलिदै



नेपालमा कोभिड - १९ को पहिलो संक्रमण २०७६ माघ ९ गते पुष्टि भयो । त्यतिखेर, नमुना परीक्षणको लागि देश बाहिर पठाउनु पर्ने अवस्था थियो । आजको मितिमा देश भित्रै प्रतिदिन २० हजार नमुना परीक्षण गर्न सकिने ३८ वटा प्रयोगशाला सञ्चालनमाछन् । चिनबाट सुरु भएको भाईरसले युरोप र मध्यपुर्वी एसियालाई प्रभावित गरिसकेको थियो । विश्व नै अनुमानको भरमा अगाडी बढीरहेको समयमा, नेपालको तयारी के थियो भन्ने तर्क आफैमा कमजोर हो । तर, सम्भावित खतराबाट जोगिन समयमै लकडाउनको घोषणा गर्नु एक मात्र निर्विकल्प उपाय थियो । तसर्थ २०७६ चैत्र ११ गते अर्थात २४ मार्च २०२० बाट नेपालमा लकडाउन सुरु भयो । जतिखेर नेपालमा जम्मा ६१० वटा परीक्षण भएको थियो र त्यस मध्ये दुईजनामा मात्र संक्रमण पुष्टि भएको थियो । तुलनात्मक अध्ययन गर्ने हो भने हालै विश्वमै कोरोना मुक्त राष्ट्र भनिएको न्युजिल्याण्डमा नेपालमा लकडाउन सुरु भएको अर्को दिन अर्थात २५ मार्च २०२० मा लकडाउन सुरु हुँदा १०२ जनामा संक्रमण पुष्टि भईसकेको थियो ।

## कसरी सफल भयो न्युजिल्याण्ड ?



२ फेब्रुअरी २०२० मा चिन भन्दा बाहिरी देश फिलिपिन्समा एक जनाको कोरोना भाईरसबाट मृत्यु भयो । जतिखेर न्युजिल्याण्डमा एकजनामा पनि संक्रमण पुष्टि भएको थिएन । त्यसको अर्को दिन नै उसले चिन भएर आउने सबै विदेशिलाई देश प्रवेशमा रोक लगायो र त्यसरी आउने आफ्ना नागरिकलाई १४ दिनका लागि आईसोलेशनमा राख्यो । जब मार्च १६ मा देशमा पहिलो संक्रमण पुष्टि भयो, तब उसले संक्रमण नभएका क्षेत्रबाट आउने नागरिकलाई पनि सेल्फआईसोलेशनमा बस्न पठायो । त्यसपछि राष्ट्रपतिले"मेक नो अपोलोजी" रणनीति घोषण गरिन र सबैका लागि सिमानाका पुर्ण रुपमा बन्द गरिए । त्यस पछि उसले"फेर स्टेज अलर्ट सिस्टम" लागु गर्‍यो । उसले सिस्टम लागु गर्दा अवस्था दोस्रो स्टेजमा पुगिसकेको थियो । मार्च २५ मा चौथो स्टेजमा पुग्यो र लकडाउनको घोषणा भयो । सब भन्दा प्रभावकारी त उसको सूचना प्रवाह र लकडाउनको कार्यान्वयन भयो । यसरी उ कोरोना मुक्त भयो । यसलाई कायम गर्ने चुनौती उसमा अझै बाँकी छ । तर, विश्व सामु उ एक उदाहरण बनेर आएको सत्य हो ।

## नेपालको कहाँ चुक्यो ?




प्रश्न उठ्छ, नेपालले के गरेन ? हो, न्युजिल्याण्डले जे गर्‍यो नेपालले पनि त्यहि गर्‍यो । तर, न्युजिल्याण्डमा संक्रमण शुन्य हुँदै गर्दा नेपाल झनै जोखिम अवस्था तर्फ धकेलिदैछ । समुदाय स्तरमा संक्रमण रफ्तारको शैलीमा फैलिदैछ । किन भने नेपालमा नियम पालना गर्ने र गराउनेले यसको गाम्भिर्यतालाई बुझेनन् । न त सरकारको तर्फबाट प्रयाप्त तयारी र प्रभावकारी व्यवस्थापन नै हुन सक्यो । न त कर्णाली प्रदेशले लागु गरेको जनशक्ति परिचालनको मोडेल नै सरकारले ग्रहण गर्न सक्यो । त्यसमाथी औषधी तथा उपकरण खरिदमा अनियमितता भयो कि भएन भन्ने विषमा स्पष्टिकरण र प्रमाण जुटाउनमै सरकारले समय खेर फल्यो ।

सुरेश चन्द

सही सूचना

# नेपालमा सकृय संक्रमितको संख्या कसरी बढ्दैछ

धेरै सकृय संक्रमितको संख्या भएका जिल्लाहरू




माथिको ग्राफले धेरै सकृय संक्रमितको संख्या भएका जिल्लाहरूलाई देखाउँछ । सकृय संक्रमितको संख्या धेरै भएका जिल्लाहरू मध्ये काठमाण्डौ १०४० जना सकृय संक्रमित सहित तालिकामा अगाडी छ । माथिका जिल्लाहरूमा भएको सकृय संक्रमितको जम्मा संख्या देशभरीको जम्मा संक्रमितको संख्याको दुई तिहाई हो । त्यसै गरी, नेपालका ६ वटा जिल्लामा सकृय संक्रमितको संख्या शुन्य छ । धेरै सकृय संक्रमित भएका जिल्लाहरू काठमाण्डौ र पर्सामा त समुदाय स्तरमा संक्रमण फैलिसकेको छ । अन्य एक तिहाई सक्रिय संक्रमित भने बाँकी ६० वटा जिल्लामा छन् । यसबाट दुई वटा कुरा भन्न सकिन्छ, १) बढी सकृय संक्रमित भएका जिल्लाहरूमा लकडाउन खुकुलो भएसंगै संक्रमणको दर बढ्यो, र २) यदि प्रभावकारी कन्ट्याक्ट ट्रेसिङ हुने हैन भने, अन्य जिल्लामा पनि यसरी नै संक्रमण फैलिनेमा यो उदाहरण प्रयाप्त छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि अगस्त महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219